
श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)
Shree Investment and Finance Co. ltd.
Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

# सत्ताईसौं बार्षिक साधारणसभाको
# बिवरण (माईन्युट)



श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनीलिमिटेड
डिल्लीबजार, काठमाण्डौं ।

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)
Shree Investment and Finance Co. ltd.
Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

## श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनीलिमिटेड
## डिल्लीबजार, काठमाडौंको
## सत्ताईसौं बार्षिक साधारणसभाको काम कारवाहीको विवरण तथा निर्णयहरु
## (माइन्यूट)

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडको सञ्चालक समितिका अध्यक्ष श्री शशिराज पाण्डेज्यूको सभापतित्वमा कम्पनीको सत्ताईसौं बार्षिक साधारणसभा मिति २०७८पौष२९ गते (तदनुसार १३जनवरी, २०२२ ई.सं.) विहीवार विहान ११:०० बजे देखि १२:३० वजेसम्म कम्पनीको केन्द्रीय कार्यालय, डिल्लीबजारमा भर्चुअल माध्यमबाट सम्पन्न भयो । सत्ताईसौं बार्षिक साधारणसभामा उपस्थिति, छलफलका विषय सूची, सूचना प्रकाशन, सभाको बैधानिकता, गणपुरक सख्या, सभापतित्व, सभा सञ्चालन, छलफलका क्रममा व्यक्त गरिएका प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय(माइन्यूट) देहाय अनुसार रहेकोछ ।

१. <u>सभामा रहेको उपस्थिति:</u>

क. सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री शशिराज पाण्डे | अध्यक्ष |
| २. | श्री स्यामसन ज.व.राणा | सञ्चालक |
| ३. | श्री महेश प्रसाद अधिकारी | सञ्चालक |
| ४. | श्री रामकृष्ण शर्मा वाग्ले | सञ्चालक |
| ५. | श्री उमेश भगत प्रधानाङ्ग | सञ्चालक |
| ६. | श्री दिनेशराज जोशी | सञ्चालक |
| ७. | श्रीमति ममता अधिकारी | स्वतन्त्र सञ्चालक |

ख. पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. | श्री लिलामणि न्यौपाने | प्रमुखकार्यकारी अधिकृत |
| २. | श्री खिम बहादुर कार्की | नायव कार्यकारी प्रमुख |
| ३. | श्री अनिल जोशी | नायव कार्यकारी प्रमुख |
| ४. | श्री तेजवहादुर रानामगर | कम्पनी सचिव |
| ५. | श्री दुर्गा लम्साल | प्रवन्धक |
| ६. | श्री दुर्गाबहादुर राना मगर | प्रवन्धक |
| ७. | श्री रमेश कठायत | वित्त प्रमुख |

ग. आमन्त्रितहरु

| | | |
|---|---|---|
| १. | श्री सिताराम उपाध्याय तिवारी | कानुनी सल्लाहकार |
| २. | श्री प्रतिक खनाल | बाह्य लेखापरीक्षक |
| ३. | श्री गोपाल कुमार श्रेष्ठ | आन्तरिक लेखापरीक्षक |

घ. **गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| | |
|---|---|
| कुल शेयरधनी सख्या | ९०१७ |
| स्वयं उपस्थित शेयरधनी सख्या | ३९ |
| प्रोक्सी मार्फत उपस्थित शेयरधनी संख्या | १०६ |
| कुल शेयर सख्या | ८९,०१,३४८ |

| | |
|---|---|
| स्वयं उपस्थित शेयर सख्या | २१,७५,३१२ |
| प्रोक्सी मार्फत उपस्थित शेयर संख्या | ३५,४७,६६७ |
| जम्मा उपस्थिति संख्या | ५७,२२,९७९ |
| जम्मा उपस्थिति प्रतिशत | ६४.२९ |

ङ. सभाको बैधानिकता:

कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३को उपदफा (२) अनुसार साधारणसभाको गणपुरक संख्या वाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत हुनु पर्ने प्रावधान बमोजिम यस वित्तीय सस्थाको सत्ताईसौ वार्षिक साधारण सभामा स्वयं हाजिर भई उपस्थित जनाउने शेयरधनीको सख्या ३९ जना तथा प्रोक्सी मार्फत १०६ जना गरी कुल शेयरको ६४.२९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारणसभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक रहेको व्यहोरा जानकारी गराउनु भयो ।

२. सभाको सूचना प्रकाशन:

२.१ सञ्चालक समितिको मिति २०७८/०८/२६ गते बसेको ३१० औं वैठकको निर्णय बमोजिम यस कम्पनीको सत्ताईसौं वार्षिक साधारणसभाको विषय-सूची सहितको सूचना मिति २०७८/०९/०८ गते विहीबारको राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान"मा पहिलो पटक तथा मिति २०७८/०९/२१ गते बुधवार दोस्रो पटक पनि सोही पत्रिकामा सूचना प्रकाशित गरिएको थियो । साथै, उक्त सूचना वित्तीय सस्थाको वेभसाइटमा पनि राखिएको थियो ।

२.२ सत्ताईसौं वार्षिक साधारणसभा बस्ने सूचना सहित कम्पनी ऐन, २०६३को दफा ८४ अनुसारको "संक्षिप्त वार्षिक आर्थिक विवरण" शेयरधनी महानुभावहरुको कम्पनीको शेयर दर्ता कितावमा कायम रहेको ठेगानामा पठाइएको थियो ।

२.३ कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको वार्षिक आर्थिक विवरण लगायत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व २०७७/७८ को वासलात, नाफा-नोक्सान हिसाव एवं नगद प्रवाह विवरणहरु (अनुसूचीहरु सहित) सत्ताईसौं वार्षिक प्रतिवेदन तथा लेखा पुस्तिका २०७७/७८ को रुपमा प्रकाशित गरी यस कम्पनीको वेभसाईट WWW.shreefinance.com.np मा राखिएको लगायत रजिष्टर्ड कार्यालय एवं सभास्थलबाट उक्त पूस्तिका शेयरधनीहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको थियो ।

३. सभाको बैधानिकता तथा सभापतित्व:

कम्पनी ऐन २०६३को दफा ६९ बमोजिम शेयरधनीहरुको उपस्थिति तथा गणपुरक सख्या पर्याप्त रहेको व्यहोरा जानकारी गराउदै कम्पनी सचिव तेज वहादुर रानामगरले कम्पनीका अध्यक्ष शशिराज पाण्डेज्यूलाई सत्ताईसौं वार्षिक साधारणसभाको अध्यक्षता ग्रहणका लागि अनुरोध गर्नु भएको थियो । कम्पनीका अध्यक्षज्यूले सत्ताईसौ वार्षिक साधारणसभाको अध्यक्षता ग्रहण गर्नु भई सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रीत कार्यालय प्रतिनिधिहरु, कानूनी सल्लाहकार, लेखापरीक्षकहरु लगायत सभामा उपस्थित सवैमा हार्दिक स्वागत गर्नु भएको थियो ।

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

४. **सभामा पेश भएको छलफलका बिषयहरु**

(क) **साधारण प्रस्ताव**

१) अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०७७/०७८ को प्रतिवेदन छलफल गरि पारित गर्ने,

२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७/०७८ आषाढ मसान्तको वासलात तथा सोहि आ.व. को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने,

३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७८/०७९को लागी लेखापरीक्षकको नियुक्ती तथा नीजको पारिश्रमिक अनुमोदन गर्ने । (वर्तमान लेखापरीक्षक Pratik Khanal & Associates, Chartered Accountants पुन: नियुक्तिका लागी योग्य रहनु भएको व्यहोरा जानकारी गराईन्छ) ।

४) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप कम्पनीको चुक्ता पूंजीको ३.३०% ले हुन आउने रु.२,९३,७४,७१६।२५ (रु.दुई करोड त्रियान्नवे लाख चौहत्तर हजार सात सय सोह्र पैसा पच्चिस मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।

५) यस वित्तीय संस्थाको संचालक समितिको निर्णयानुसार संस्थापक समूह तर्फ रिक्त रहेको १ जना संचालकको पदमा बांकी अवधिका लागि र स्वतन्त्र संचालक पदमा ४ बर्ष अवधिका लागि १ जना समेत गरी २ जना संचालकहरुको नियुक्तीको अनुमोदन गर्ने ।

(ख) **बिशेष प्रस्ताव**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार हालको चुक्ता पूजीको ७.७०% ले हुन आउने रु.६,८५,४०,१२०।५० (रु. छ करोड पचासी लाख चालिस हजार एक सय बीस पैसा पचास मात्र) बरावरको बोनश शेयर बितरण गर्न स्वीकृति गर्ने ।

२) बोनश शेयर वितरणबाट कम्पनीको साविक जारी तथा चुक्ता पूंजी रु.८९,०१,३४,८७९।५० लाई बृद्धि गरि रु. ९५,८६,७५,०००।–(अक्षरेपी पन्चानव्वे करोड छियासी लाख पचहत्तर हजार मात्र) कायम हुने गरि कम्पनीको प्रवन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्न स्विकृति गर्ने ।

३) संस्थापक तर्फको विद्यमान शेयर स्वामीत्व ५३.३२ प्रतिशतलाई ५१ प्रतिशत र सर्वसाधारण तर्फको शेयर स्वामीत्व ४६.६८ प्रतिशतलाई ४९ प्रतिशत कायम गर्न कम्पनीको प्रवन्धपत्रको दफा ५ को खण्ड (घ) र (ङ) मा तदनुसार संशोधन गर्न स्वीकृति प्रदान गर्ने ।

४) कम्पनीको नियमावलीको नियम ८ को वुंदा २ को खण्ड (ग), नियम ८ को वुंदा ३, नियम १० को वुंदा ६, नियम १६ को वुंदा १,२ र ३ तथा नियम १७ मा संलग्न ३ महले प्रस्ताव वमोजिम संशोधन एवम् खारेज गर्न तथा नियम ४२ वमोजिमको संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या अद्यावधिक गर्न स्विकृती प्रदान गर्ने ।

५) कुनै बैंक वा वित्तीय संस्थासँग यस वित्त कम्पनीलाई मर्जर वा प्राप्ती गर्ने/गराउने प्रयोजनका लागि आवश्यक सहमति तथा सम्झौता गर्न लगायत उक्त कार्यका लागि

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4424779, Email: info@shreefinance.com.np

प्रचलित ऐन, नियम, कानून अनुसार कम्पनीको तर्फबाट गनुपर्ने सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियार प्रदान गर्ने ।

६) उपरोक्त प्रस्ताव बमोजिम कम्पनीको प्रबन्धपत्र तथा विनियमावलीमा शंसोधन गर्न नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

५. <u>सभामा मन्तव्य प्रस्तुति</u>

कम्पनीको सत्ताईसौं वार्षिक साधारणसभाको अध्यक्षता गरिरहनु भएका अध्यक्ष श्री शशिराज पाण्डेज्यूले सभामा अध्यक्षको मन्तव्य लगायत कम्पनी ऐन २०६३ को दफा १०९ तथा धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ (अनुसूची १५) बमोजिम सञ्चालक समितिले तयार पारेको प्रतिवेदन सभासमक्ष पेश गर्नु भयो ।
प्रतिवेदन प्रस्तुति पश्चात अध्यक्षज्यूले सभामा स्वयम् वा भर्चुअल माध्यमबाट सहभागी हुनु भएका शेयरधनी महानुभावहरुलाई आफ्नो मन्तव्य तथा सुझावहरु भए राख्न अनुरोध गर्नु भए अनुसार देहायका शेयरधनीहरुले सभामा आफ्नो मन्तव्य राख्नु भएको भयो ।

१. **श्री शिव प्रसाद पौडेल**

- कोभिड-१९ को कारण असहज परिस्थितिका वावजुद पनि तुलनात्मक रुपमा राम्रो लांभांश दिन सफल भएकोमा धन्यबाद दिन चाहन्छु ।
- घोषित नगद लाभांश जति सक्दो चांडो शेयर धनीहरुको खातामा पठाउने व्यवस्थाका लागि अनुरोध गर्न चाहन्छु ।
- श्री ईन्भेष्टमेन्ट फाईनान्सको विशेष र छुट्टै खालको पहिचान कायम रहेको र भविष्यमा पनि आफ्नो गरिमा र पहिचानलाई कायम राखी रहन शुभकामना दिन चाहन्छु ।
- ज्ञानेश्वर स्थित कम्पनीको स्वामित्वमा रहेको जग्गामा कर्पोरेट कार्यालय भवन निर्माणमा ध्यान दिनुपर्ने तर्फ व्यवस्थापनको ध्यानाकर्षण गराउन चाहन्छु ।
- शाखा विस्तारमा ध्यान दिनुका साथै आगामी बर्षहरुमा १५ देखि २० प्रतिशतसम्म लाभांशको अपेक्षा रहेकोले यस तर्फ विचार गरी अघि बढन सुझाव दिन चाहन्छु ।

२. **श्री डमरु वल्लभ घिमिरे**

- श्री ईन्भेष्टमेन्ट एण्ड फाईनान्स कम्पनीको विशेष र छुट्टै खालको पहिचान कायम राख्न सफल हुनुका साथै कम्पनीको २७ औं बार्षिक साधारण सभा तोकिएको समयभित्रै सम्पन्न गरी आकर्षक लाभांश दिन सफल भएकोमा बधाई ज्ञापन गर्दै यसका लागि कम्पनीका अध्यक्ष लगायत व्यवस्थापनका समस्त टिम प्रति कृतज्ञता प्रकट गर्दछु ।

- ज्ञानेश्वर स्थित कम्पनीको स्वामित्वमा रहेको अमुल्य जग्गामा कम्पनीको कार्यालय भवन निर्माण कार्य शिघ्र शुरु होस भन्ने आफ्नो चाहना रहेकोले आवश्यक पहलका लागि अनुरोध गर्दछु ।
- यस बर्षको बार्षिक प्रतिवेदन घरमै उपलब्ध गराई दिनु भएकोमा खुशी लाग्यो । साथै, पुरानो बांकी लाभांशका सम्वन्धमा सुचना प्रकाशित गरी टेलिफोन मार्फत समेत सम्पर्क गरी मेहनतका साथ पुराना रेकर्ड खोजी लिन छुटेको पुरानो लाभांश रकम उपलब्ध गराउन सहयोग गर्ने कर्मचारी धन्यवादको पात्र रहेकोले यसका लागि समेत मुरी मुरी धन्यवाद दिन चाहन्छु ।

३. **श्री महेन्द्र बहादुर श्रेष्ठ**

- कोविडको संक्रमणलाई मध्यनजर गर्दै साधारण सभा भर्चुअल माध्यमबाट संचालन गर्नु भएकोमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।
- महामारीको समयमा पनि शेयरधनीहरुलाई उचित र आकर्षक लाभांश दिन सफल भएकोमा खुशी लागेको र थप प्रगतीका लागि शुभकामना दिन चाहन्छु ।
- भईरहेको निक्षेपलाई घटन नदिन आवश्यक अध्ययन गरी व्याजदरमा समयानुकुल परिमार्जन गर्नुपर्ने तिर आवश्यक विचार गर्नुपर्ने देख्दछु ।

४. **श्री रोज कुमार श्रेष्ठ**

- ३.३० प्रतिशत नगद र ७.७० प्रतिशत वोनस शेयर दिने प्रस्ताव सन्तोषजनक नै रहेको छ ।
- विद्यमान सर्वसाधारण शेयरको संरचनालाई बढाई ४९ प्रतिशत पुरयाउने प्रस्ताव उपयुक्त छ र यसको स्वागत गर्दछु ।
- प्रतिवेदन खण्डमा वोनस शेयर ७.७० प्रतिशत हुनुपर्नेमा अन्यथा भएकोले यस्ता त्रुटीहरुलाई दोहरिन नदिन र सच्याउन अनुरोध गर्दछु ।

५. **श्री चन्द्र नारायण मानन्धर**

- नगद र वोनस शेयर प्रदान गर्ने प्रस्तावका लागि धन्यवाद ।
- आगामी बर्ष आम्दानी वढाउने तर्फ विचार गरियोस ।
- श्री इन्भेष्टमेन्ट फाइनान्सको श्री वृद्धि हुदै जाओस भन्ने कामना गर्दछु ।

शेयरधनीहरुका तर्फबाट सुझाव एवम् मन्तव्य राख्ने कार्यक्रम पश्चात प्रस्तुत मन्तव्य, सुझाव तथा जिज्ञासा उपर अध्यक्षज्यूको आदेशानुसार कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री लिलामणि न्यौपानेज्यूले जवाफ दिनु भएको थियो । प्रमुख कार्यकारी अधिकृतले दिनु भएको जवाफ पश्चात शेयरधनीहरुले साधारणसभामापेश गरिने आजको प्रस्तावहरु तर्फ प्रवेश गर्न अनुरोध गर्नु भएपछि अध्यक्षज्यूबाट देहाय अनुसारको प्रस्तावहरु छलफल तथा निर्णयार्थ पेश गर्नु भएको थियो ।

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)
Shree Investment and Finance Co. ltd.
Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

६. सत्ताइसौं वार्षिक साधारणसभाको निर्णयहरु:

(क) साधारण प्रस्ताव

१. **विषय-सूची नं.** १ बमोजिम सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको अध्यक्षज्यूको मन्तव्य, सञ्चालक समितिबाट कम्पनी ऐन २०६३ दफा १०९ बमोजिम तयार पारिएको आ.व २०७७/०७८ को प्रतिवेदन तथा धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ नियम २६ को उप-नियम (२) संग सम्बन्धित अनुसूचि १५ बमोजिमको प्रतिवेदन छलफल पश्चात सर्वसम्मतिबाट पारित गरियो ।

२. **विषय-सूची नं.** २ बमोजिमसभामा प्रस्तुत गरिएकोलेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको बासलात तथा मिति २०७७/०४/०१ देखि २०७८/०३/३१सम्मको नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह बिवरण लगायतका वित्तीय बिवरणहरु र नेपाल बित्तीय प्रतिवेदन मान(NFSR) बमोजिम तयार गरिएको बार्षिक बित्तीय बिवरणहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

३. **विषय-सूची नं.** ३ बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागी लेखापरीक्षकको नियुक्ती तथा नीजको पारिश्रमीक निर्धारण गर्नेसम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिसमा **Pratik Khanal and Associates, Chartered Accountants** लाई बाह्य लेखापरीक्षण, Tax Audit, कम्पनी ऐन, २०६३ को दफा ७८ प्रमाणिकरण लगायत नेपाल धितोपत्र बोर्डमा पेश गर्नु पर्ने संस्थागत सुशासन अनुपालना प्रतिवेदन समेत प्रमाणित गर्न पारिश्रमिक स्वरुप Out of Pocket Expenses बाहेक रु. ६,५६,२५०/-(अक्षरेपी छ लाख छप्पन्न हजार दुई सय पचास मात्र)+ *VAT* समेत प्रदान गर्ने निर्णयलाई सर्वसम्मतिबाट पारित गरियो ।

४. **विषय-सूची नं.** ४ बमोजिम संचालक समितिबाट प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु.८९,०१,३४,८७९।५०को ३.३०%ले हुने रु.२,९३,७४,७१६।२५ नगद लाभांशको प्रस्ताव साधारणसभाबाट सर्वसम्मतिले पारित गरियो ।

५ **विषय-सूची नं. ५** अन्तर्गत वित्तीय संस्थाको संचालक समितिको निर्णयानुसार संस्थापक समूह तर्फ रिक्त रहेको १ जना संचालकको पदमा बांकी अवधिका लागि श्री दिनेश राज जोशी र स्वतन्त्र संचालक पदमा ४ वर्ष अवधिका लागि १ जना श्रीमती ममता अधिकारी समेत गरी २ जना संचालकहरुको नियुक्तीको प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो ।

(ख) विशेष प्रस्ताव:

१. विषय-सूची नं. १ बमोजिम सभामा सञ्चालक समितिको तर्फबाट सिफारिस गरी पेश गरिएको आ.व. २०७७/७८ को खुद मुनाफाबाट चुक्ता पूँजी रु.८९,०१,३४,८७९।५० को ७.७०% ले हुने रु.६,८५,४०,१२०।५० (६,८५,४०१ कित्ता) बोनस शेयर वितरण गर्ने निर्णय साधारणसभाबाट सर्वसम्मतीले पारित गरियो ।

Together we deliver

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

२. **विषय-सूची नं. २** बमोजिम बोनश शेयर वितरणबाट कम्पनीको हालको जारी तथा चुक्ता पूँजी रु.८९,०१,३४,८७९।५० लाई बृद्धि गरि रु.९५,८६,७५,०००।–(अक्षरेपी पन्चानव्वे करोड छियासी लाख पचहत्तर हजार मात्र) हुने गरि कम्पनीको प्रबन्धपत्रमा देहाय अनुसार संशोधन गर्ने प्रस्तावलाई साधारणसभाबाट सर्वसम्मतीले पारित गरियो ।

**दफा ५ खण्ड (ख)**

"वित्तीय सस्थाको जारी पूँजी रु.९५,८६,७५,०००।–(अक्षरेपी पन्चानव्वे करोड छियासी लाख पचहत्तर हजार मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१०० दरका ९५,८६,७५० (पन्चान्नवे लाख छियासी हजार सात सय पचास) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"

**दफा ५ खण्ड (ग)**

"वित्तीय सस्थाको चुक्ता पूँजी रु.९५,८६,७५,०००।–(अक्षरेपी पन्चानव्वे करोड छियासी लाख पचहत्तर हजार मात्र) हुनेछ ।"

३. **विषय-सूची नं. ३** अन्तर्गतको संस्थापक तर्फको विद्यमान शेयर स्वामीत्व ५३.३२ प्रतिशतलाई ५१ प्रतिशत र सर्वसाधारण तर्फको शेयर स्वामीत्व ४६.६८ प्रतिशतलाई ४९ प्रतिशत कायम गर्न कम्पनीको प्रवन्धपत्रको दफा ५ को खण्ड (घ) र (ङ) मा देहायअनुसार संशोधन गर्ने प्रस्तावसर्वसम्मतीले पारित गरियो ।

**दफा ५ खण्ड (घ)**

"संस्थापक शेयर धनीहरुलाई "क" समूहमा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामीत्व ५१ प्रतिशत कायम रहनेछ ।"

**दफा ५ खण्ड (ङ)**

"सर्वसाधारणमा विक्री गरिने शेयरका शेयर धनीहरुलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामीत्व ४९ प्रतिशत हुनेछ ।"

४. **विषय-सूची नं. ४** अन्तर्गत कम्पनीको नियमावलीको नियम ८ को वुंदा २ को खण्ड (ग), नियम ८ को वुंदा ३, नियम १० को वुंदा ६, नियम १६ को वुंदा १,२ र ३ तथा नियम १७ मा पेश भएको ३ महले प्रस्ताव वमोजिम हुने गरी देहाय वमोजिम संशोधन एवम् खारेज गर्न तथा नियम ४२ वमोजिमको संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या अद्यावधिक गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**<u>नियम ८ को. वुंदा २ को खण्ड (ग)</u>**

"बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ (संशोधन समेत) मा भएको व्यवस्था वमोजिमको योग्यता र अनुभव भएको व्यक्ति मध्येबाट संचालक समितिले नियुक्त गरेको स्वतन्त्र संचालक १ जना रहनेछ । निजको कार्यकाल ४ बर्षको हुनेछ तर कुनै कार्य कारण परेमा संचालक समितिले जहिले सुकैपनि त्यस्तो स्वतन्त्र संचालकको वदलामा अर्को स्वतन्त्र संचालक नियुक्त गर्न सक्ने छ । यसरी नियुक्त हुने स्वतन्त्र संचालकको काम, कर्तव्य, अधिकार तथा सुविधा अन्य संचालक सरह हुनेछ ।

Together we deliver

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)
Shree Investment and Finance Co. ltd.
Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

नियम ८ को. वुंदा ३
"संचालकहरुको कार्यकाल ४ बर्षको हुनेछ र स्वतन्त्र संचालक वाहेक पदावधि समाप्त भएको संचालक पुनः निर्वाचित वा नियुक्ती हुन सक्नेछ ।"
नियम १०को वुंदा ६
"संचालक समितिको वैठक वर्षमा कम्तिमा १२ पटक वस्नु पर्नेछ । तर दुईवटा वैठकको बीचको फरक ६० दिन भन्दा बढी हुने छैन ।"
नियम १६ को वुंदा १, २ र ३ खारेज गर्ने ।

नियम १७ खारेज गर्ने ।

नियम ४२ वमोजिमको संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या संलग्न लिष्ट वमोजिम अद्यावधिक गर्ने ।

५. **विषय-सूची नं. ५** अन्तर्गतकोकुनै बैंक वा वित्तीय संस्थासंग यस वित्त कम्पनीलाई मर्जर वा प्राप्ती गर्ने/गराउने प्रयोजनका लागि आवश्यक सहमति तथा सम्झौता गर्न लगायत उक्त कार्यका लागि प्रचलित ऐन, नियम, कानून अनुसार कम्पनीको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियार प्रदान गर्ने सम्बन्धी बिशेष प्रस्तावलाई साधारणसभाबाट सर्वसम्मतले पारित गरियो ।

६. **विषय-सूची नं. ६** बमोजिम कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायको कुनै फेरवदल सुझाव भएमा तदनुसारको समावेश गरि आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णयलाई सर्वसम्मतिले पारित गरियो ।

(ग) **विविध**
यस शिर्षक अन्तरगत छलफलका अन्य कुनै पनि विषय वस्तु नरहेको व्यहोरा अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

७. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

अन्त्यमा, कम्पनीलाई आजको अवस्थामा पुऱ्याउन अथक प्रयास गर्ने कर्मचारीहरु, नियमनकारी निकायहरुलाई समेत धन्यवाद दिँदै सत्ताईसौं वार्षिक साधारणसभामा उपस्थित भई उत्साह पूर्वक छलफलमा सहभागि भई प्रस्तावित विषय-वस्तुहरु पारित गरि दिनु भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनहरुमा पनि शेयरधनी महानुभावहरु तथा नियमनकारी निकायहरुबाट सहयोगको अपेक्षा राख्दै सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित सबैलाई धन्यवाद दिदैं अध्यक्षज्यूले सभा विसर्जनको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| ............................<br>तेजवहादुर रानामगर<br>कम्पनी सचिव | ............................<br>शशिराज पाण्डे<br>अध्यक्ष |